# सिमकोट वाल घोषणा पत्र - २०८३

हुम्ला जिल्लामा पहिलो पटक **'वाल विवाह र वालश्रम न्यूनिकरणका लागि एकिकृत पहल'** भन्ने मूल ध्येयका साथ सामुदायिक रेडियो कर्णाली आवाजले एफएम ९४ थोप्लो २ मेघाहर्जले गुड नेवर्स इन्टरनेशनल नेपाल र किर्डाक नेपालसँगको सहकार्यमा आयोजना गरेको **जिल्ला वाल सभा २०८३** वाल विवाह, वाल न्यूनिकरण र समग्र वाल विकासको सन्दर्भमा ९ बुदें **सिमकोट वाल घोषणा-पत्र २०८३** जारी गर्दछ।

१. पछिल्लो समय जिल्लामा बढ्दै गएको वाल विवाह र वाल श्रमका घटनाप्रति यो सभाले दुई दिनसम्म गम्भीर समिक्षा गरेको छ। सामाजिक रुपमा विकृती र न्यायीक रुपमा गैर कानूनी मानिने वाल विवाह र वाल श्रम न्यूनिकरणका लागि पहिलो पाठशाला घर परिवार, विद्यालय, समाज, हाम्रा स्थानीय तह, सुरक्षा निकाय, विकास साझेदार देखि जिल्लाका सम्पूर्ण सरोकारवाला निकायलाई यो सभा हार्दिक अपिल गर्दछ।

२. जिल्लामा भएका वाल विवाह र सबै प्रकारका बालश्रमको पहिचान, रोकथाम तथा व्यवस्थापनका लागि वडा, पालिका र जिल्ला स्तरमा सहज उजुरी व्यवस्थापन तथा कानूनी कारबाही सुनिश्चित यो भेला सम्बद्ध पक्षलहरुसँग आग्रह गर्दछ।

३. हामी वालवालिका वर्तमानका साझेदार र भविष्यका कर्णधार पनि हौं। तर पछिल्लो सयम हाम्रो बाचाउँ, संरक्षण, सहभागिता र विकासका सन्दर्भमा चुल्होको सरकारका रुपमा रहेका स्थानीय तहहरुले परिणाममूखी काम नगरेको आभाष भेलाले गरेको छ। अतः जिल्लाका सबै स्थानीय तहहरुलाई अबिलम्ब वाल संरक्षण समिति तथा पालिका स्तरिय वाल हेल्प डेस्क स्थापना गरी त्यस मार्फत हाम्रो अधिकार र विकासका गतिविधिलाई नियमित गर्न यो भेला जिल्लाका सात वटै गाउँपालिकाहरु समक्ष जोडदार माग गर्दछ।

४. जिल्लामा अहिलेसम्म वाल हिंसा, दुर्व्यवहार, वाल श्रम, तथा शोषणका घटनामा पिंडित वालवालिकाको उद्धार, संरक्षण, मनोपरामर्श र न्याय प्रदान गर्ने काममा केहि ढिलाई हुने गरेको समिक्षा यो भेलाले गरेको छ। आगामी दिनहरुमा त्यस्तो स्थित आउन नदिनका लागि जिल्लाको स्थानीय प्रशासन, जिल्ला प्रहरी, सरकारी वकिल कार्यालय र सरोकारवाला सबै निकायले वालमैत्री कार्य सम्पादन गर्न यो भेला माग गर्दछ।

५. सूचना र सञ्चारको क्षेत्रमा आएको परिवर्तनसँगै हामी वालवालिकाहरुलाई डिजिटल असुरक्षा ठूलो चुनौतीका रुपमा देखा पर्दै गएको छ। त्यसबाट विभिन्न हिंसाका शिकार हामीहरु हुनु परेको अवस्थालाई आत्मसाथ गर्दै विद्यालय स्तरमा डिजिटल सुरक्षा, सुरक्षित सूचना प्रविधि तथा सीप विकासका कार्यक्रमहरु सञ्चालन गर्न यो भेला तिनै तहका सरकार र विकास साझेदारहरुलाई आग्रह गर्दछ।

६. जिल्लामा आयोजना हुने विकास आयोजनाहरुको कार्यान्वयनका चरणमा हामी वाल वालिका र अपाङ्गता भएका वालवालिकामैत्री नहुने गरेको निचोड भेलाले निकालेको छ। त्यसैले आगामी दिनमा जिल्लामा निर्माण हुने हरेक पूर्वाधारलाई वालमैत्री, अपाङ्गता मैत्री निर्माण गर्न यो भेला सबै सरोकारवाला निकायको ध्यानाकर्षण गराउँदछ।

Scanned with CamScanner

७. अहिले पनि जिल्लाका दुर्गम वस्तीहरुमा भएका बालबालिका, दलित तथा विपन्न घर परिवारका वालवालिकाहरु विभिन्न समस्याका वावजुत विद्यालयको पहुँच बाहिर रहेका छन् । आजको २१ औं शताब्दीको यूगमा यो अवस्था निकै दयनीय भएको समिक्षा यो जिल्ला वाल भेलाले गरेको छ । वालवालिकाको पढ्न पाउने संवैधानिक तथा नैसर्गिक हकको कार्यान्वयन गर्न जिल्लाका सबै वस्तीमा भएका वालवालिकाहरुको लगत संकलन गरी विद्यालयको पहुँच बाहिर भएका वालवालिकाहरुलाई यथासक्य विद्यालयको पहुँचमा पुऱ्याउन यो भेला स्थानीय तह, प्रदेश सरकार, नेपाल सरकार र सम्बद्ध सबै पक्षहरुलाई जोडदार माग गर्दछ ।

८. दिगो विकासको लक्ष्य र नेपाल सरकारको नीति अनुरुप सन् २०३० सम्ममा हाम्रो जिल्ला हुम्लालाई वाल विवाह मुक्त जिल्ला घोषणा गर्न स्पष्ट कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयनमा लाग्न तिनै तहका सरकार, जिल्लाका सरोकारवाला निकाय समक्ष यो सभा आग्रह गदर्छ ।

९. जिल्लाको बढ्दो वाल विवाह र वालश्रमको विद्यमान अवस्थालाई मध्यनजर गर्दै पहिलो पटक जिल्लाका हामी वालवालिकाहरुलाई उपस्थित गराएर जिल्ला वालसभा आयाजना गर्न समन्वय र सहकार्य गर्नु हुने ऐककृत सामुदायिक विकास तथा अनुसन्धान केन्द्र (ICDRC) द्धारा सञ्चालित सामुदायिक रेडियो कर्णाली आवाज, गुड नेवर्स इन्टरनेशनल नेपाल, किर्डाक नेपालप्रति यो भेला अनुग्रहित छ । जिल्ला वाल भेला र वाल कचहरीमा समय, जानकारी र ज्ञान दिनुहुने सिमकोट, खार्पुनाथ र अदानचुली गाउँपालिकाका अध्यक्ष ज्यूहरु, सिमकोट र नाम्खा गाउँपालिकाका उपाध्यक्ष ज्यूहरु, प्रमुख जिल्ला अधिकारी ज्यू, प्रहरी नायव उपरिक्षक ज्यू, सरकारी वकिल, सामाजिक विकास कार्यालयका प्रमुख, स्वास्थ्य सेवा कार्यालयका प्रमुख लगायत जिल्ला स्थित सबै सरकारी कार्यालय, विकास साझेदार, नेपाल पत्रकार महासंघ, हुम्ला उद्योग बाणीज्य संघ सबैलाई यो भेला हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनहरुमा यसलाई निरन्तरता प्रदान गर्न सबै पक्षहरुसँग यो भेला अनुरोध गर्दछ ।

***१ असार २०८३, सिमकोट हुम्ला ।***

Scanned with CamScanner